# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं मार्ग २३ गते २०११ साल [ अतिरिक्ताङ्क

## भाग २

## अर्थमन्त्रालय करेन्सी एण्ड एक्सचेञ्ज विभागको सूचना

अति आवश्यकीय माल सामान पैठारी गर्नलाई मो० १५०। को भारतीय नोट रु. १०० का दरले दिने भएको यसको अतिरिक्त सदर मुलुकीखाना नोय विभागबाट मो रु १७५।२५ एकशय पचहत्तर रुपैयाँ पच्चिस पैसाको भारतीय नोट रु. १०० को दरमा बिक्री गर्ने र मो रु १७५। एकशय पचहत्तर रुपैयाँको भारतीय नोट रु. १०० को दरमा खरीद गर्नेसमेत २०११ साल मार्ग २३ गते देखि हुने भएको हुनाले सो कुरा सर्वसाधारण जनतालाई थाहा होस् भनी यो विज्ञप्ति प्रकाश गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अर्थमन्त्रालय करेन्सी विभागको विज्ञप्ति

तपसीलबमोजिमका विलासका माल सामान, सामाग्रीहरू, काठमाडौं उपत्यकामा पैठारी गर्न मनाही गरिएको छ।

तपसील

(क). रबरको डसना, तकिया, चकटीहरू।

(ख). भित्तामा राख्ने ठूला ऐनाहरू।

(ग). ग्रिटिंग कार्डस र निमन्त्रणा पत्र।

(घ). खुस्बु र अत्तरहरू।

(ङ). सिल्क फाईवर, नीलन र रेयन कपडा।

(च). लिनोलियम।

(छ). संगमरमर र त्यसबाट बनेका मालहरू।

(ज). सिमेन्टबाट बनेका मालहरू।

(झ). सिलेट, पेन्सीलबाहेक ढुंगाको माल सामान।

(ञ). बग्गी, मोटर कार, मोटर साईकल, लाईट मोटर बाईक (तिनीहरूको पार्ट पूर्जाहरू र लरी बाहेक)

(ट). सुति र उनीका कार्पेट र गलैंचा।

(ठ). काठ र फलामका काउच र मेचहरू।

(ड). विदेशी मदिरा।

उपरोक्त माल सामानहरूको निमित्त अर्डर गइसकेकोमा यो विज्ञप्ति प्रकाश भएका ३ तीन दिनभित्र अर्डर क्यान्सल गर्नू। सो गर्दा पनि अर्डर क्यान्सल हुन नसक्ने ट्रान्जीटमा मै आएका माल सामानहरू यो विज्ञप्ति प्रकाश भएका ७ सात दिनभित्र दरखास्त र सबुद प्रमाणको नक्कलसमेत अर्थ (करेन्सी एण्ड एक्सचेञ्ज) मन्त्रालयमा पेश गर्नू। सो पेश भएमा सरकारबाट नियुक्त भएका कमिटीले खास ट्रान्जीट (Transit) मै भै आएका ठहरिएका मालहरू मात्र आउन दिनेछन्।

९४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# करेन्सी एराड एक्सचेन्ज विभाग अर्थमन्त्रालयको विज्ञप्ति

मुद्राविनिमय दर नियन्त्रण गर्नको निमित्त जनसाधारणको दैनिक निर्वाहको लागि चाहिने आवश्यकीय माल सामानहरुको फिरिस्त तपसीलमा दिइएको छ। चाहिने परिमाण तलका विभिन्न माल सामानहरु काठमाडौं उपत्यकामा पैठारी गर्नलाई मोरु १५०। को भा.नो रु.१०० का विशेष दरमा सरकारले सयकडा २५।- पच्चीस धरौट लिई Bonafide आवेदनपत्रवालाहरुलाई सरकारतर्फबाट बिचार गरी चाहिने परिमाणको भारतीय नोट सटहीमा दिने भएको छ। अत एव, आवेदनपत्र र शर्तहरु समेतको नमूना फाराम यसै साथ प्रकाशित गरिएको छ। सो फाराम सदर मुलुकीखाना, नोट विभागमा पाइन्छ। तपसीलका माल सामानको निमित्त उपरोक्त दरमा भारतीय नोट सटही गर्न चाहने ( Bonafide ) भएका व्यक्ति, महाजन र कंपनीले मो. रु. एक रुपैयाँको टिकट टाँसी नियम र शर्तहरु हेरी आवेदनपत्रभरी नोट विभागमा २०११।८।२३।४ देखि न दरखास्त दिनु।

तपसील

(१) खाद्यान्न ( चामल, गहुँ, मकै, जौ, दाल, ) नून, तोरीको तेल।
(२) काँचो धागो, कपास, कपडा, बुन्ने धागो ( सुति )।
(३) कपडा ( अधिकांश जनताले उपभोग गर्ने, मोटा, मझौला १००। सूति )
(४) औषधी, (५) किताप, पत्रपत्रिका, (६) मट्टीतेल (७) कालिगडी ज्यावल, (८) कल सामान, मेशिन, र त्यसका भागहरु, (९) जीरामरिच, (१०) धातु, पित्तलको कोरा पाता, फलाम डंडी, पाता, टुक्रा (११) कब्जा, किला, काँटा।

आज्ञाले—
चूडानन्द वैद्य
सेक्रेटरी,–अर्थमन्त्रालय–

९५७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।